बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## हेटौडा, नेपाल

**पुनः प्रस्ताव आह्वानको सुचना**
**दोश्रो पटक प्रकाशित मितिः २०८१/१२/०१**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि मिति २०८१/०८/०५ गते साझेदारीमा पशुपन्छी श्रोतकेन्द्र स्थापना कार्यक्रम, (गाई २, भैंसी २, बाखा २, बंगुर २) को सूचना प्रकाशन गरिएकोमा साझेदारीमा पशुपन्छी श्रोत केन्द्र स्थापना कार्यक्रम (बाखा २) तर्फ १० (दश) वटा आवेदन दर्ता भई आएकोमा गठित मूल्याङ्कन समितिको स्थलगत अनुगमन पश्चातको मूल्याङ्कनबाट सबै आवेदकहरुको कार्यविधि अनुसार मापदण्ड नपुगेको हुँदा कार्यक्रममा सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट पुनः प्रस्ताव माग गर्न १५ दिनको समय सिमा राखि दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मितिसम्म कार्यालय समयमा आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित पशु सेवा कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नुहुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

## तपसिल

| क्र.स | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट प्रति इकाई | आवेदक | कार्यविधि | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | साझेदारीमा पशुपन्छी श्रोत केन्द्र स्थापना कार्यक्रम, (बाखा २) | संख्या | २ | बढीमा २५ लाख | सहकारी र निजी उद्यमी | पशु श्रोतकेन्द्र स्थापना सम्बन्धि कार्यविधि, २०८१ | २०८१/१२/१५ |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. रु. दश (१०) को हुलाक टिकट टाँसेको अनुसूचि २ अनुसारको आवेदन,
२. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र र दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन,
३. कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि र सहकारी सुंस्थाको हकमा अध्यक्षको नागरिकताको प्रतिलिपि,
४. कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा दश वर्षको करार सम्झौता पत्र र सो सम्झौता पत्र नोटरी ३. पब्लिकद्धारा प्रमाणित गरेको हुनुपर्ने,
६. ५० प्रतिशत साझेदारी लगानी गर्नका लागि रकम खुल्ने बैंक इस्टिमेट वा बैंकले लगानी गर्ने प्रतिबद्धता पत्र,
७. जिल्ला स्थित पशु सेवा कार्यालयको सिफारिस,
८. अनुसुची- ६ अनुसारको वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण,
९. अनुसुची-४ अनुसारको स्व घोषणा पत्र,
१०. अनुसुची-५ बमोजिमको कार्यस्थान खुल्ने नक्सा,
११. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस पत्र।

**पुनश्चः** पशु श्रोतकेन्द्र स्थापना सम्बन्धि कार्यविधि, २०८१ यस निर्देशनालयको वेवसाईट dolfd.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/०५६-२५४२५४ वा सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयमा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ।

डा. गौरीमान श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं